# राजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

९८५७८३५२४०


प.स. २०८२/०८३
च.न ४२९

मितिः२०८२।०८।११

**विषयः राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन हुने सम्बन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
राजपुर गाउँपालिका, देउखुरी दाङ ।

प्रस्तुत विषयमा, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता व्यवस्थापन तथा सञ्चालन निर्देशक समितिको मिति २०८२।०८।०८ गते बसेको बैठकको निर्णयानुसार यस राजपुर गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागितामा सञ्चालन हुने यस वर्षको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता तपसिल बमोजिमको स्थान र मितिमा हुने भएकोले सम्बन्धित सबै विद्यालयहरुले आवश्यक तयारी गरी खेलमा सहभागिताको लागि माग भए बमोजिमको विवरण उपलब्ध गराउनु हुन अनुरोध छ ।

तपसिल

- प्रतियोगिता सञ्चालन हुने मितिः २०८२ मंसिर २४,२५ र २६ गते
- प्रतियोगिता सञ्चालन हुने स्थानः श्री शिवशक्ति माध्यमिक विद्यालय, भौवानाका दाङ ।
- सञ्चालन हुने खेलहरुः राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० संशोधन सहितको अनुसूची ४ मा रहेका देहायका खेलहरुः
  १. भलिवलः छात्रा र छात्र
  २. कवड्डीः छात्रा र छात्र
  ३. एथलेटिक्सः
     क) दौड(ट्रयाक) तर्फ छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि.रिले। छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि रिले, ४×४०० मि रिले।
     ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फः छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउण्ड । छात्राः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउण्ड ।

४. कक्षा ८ देखि कक्षा १२ सम्म सञ्चालित सबै विद्यालयहरुले प्रतियोगितामा भाग लिनुपर्ने छ ।

५. खेलमा सहभागी हुने छात्र/छात्राहरुको नामावली फोटोसमेत प्रमाणित गरी अनुसूची १ बमोजिमको फाराम सहित मिति २०८२।०८।१८ गतेसम्म गाउँपालिकाको कार्यालय शिक्षा, शिक्षा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने छ।

६. एथलेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा छात्र र छात्रा रिलेको प्रत्येक इभेन्टमा १/१ समूह मात्र र अन्य प्रत्येकमा बढीमा २ खेलाडीहरुलाई सहभागी गराउन सकिने छ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाइने छ।

७. प्रतियोगितामा भाग लिने छात्रछात्रा खेलाडीहरुको उमेर मिति २०८२ चैत्र मसान्तसम्म १८ वर्ष मुनि रहेको हुनुपर्ने छ ।

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत